**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २७ अगस्त २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. कोलकातामा छात्र संगठनको **नबन्ना रैली** अवधि आज पुलिस अनि प्रदर्शनकारिहरु बीच हावडा ब्रिजए फोरशोर रोड अनि सन्तरा-गाछी क्षेत्रमा झडप भएको छ।

२. आज नवान्न अभियानका क्रममा पुलिसले 'डर फैलाएको' आरोप लगाउँदै भारतीय जनता पार्टीले भोलि १२ घण्टा बंगाल बन्दको आह्वान गरेको छ। यस राज्यव्यापी बन्दलाई भाजपा दार्जीलिङ जिल्ला समितिले समर्थन जनाएको छ।

३. नेपालका प्रधानमंत्री केपी ओली शर्माले भन्नु भएको छ – नेपालले दुवै छिमेकीसँग इमानदारी र निष्पक्षताका आधारमा सन्तुलित सम्बन्ध कायम राखेकोछ।

**४.** भारतीय जनता पार्टीले २ सेप्टेम्बर देखि सदस्यता अभियानको शुरूआत गर्नेछ। नयाँ दिल्लीमा आज मीडियालाई जानकारी दिनुहुदै भाजपाका महासचिव विनोद तावड़ेले वर्तमान सबै सदस्यहरुले आफ्नु सदस्यता नवीनीकृत गर्नु पर्ने बताउनुभयो।

**पश्चिम बंगाल छात्र रैली**

कोलकातामा छात्र संगठनको **नबन्ना रैली** अवधि आज पुलिस अनि प्रदर्शनकारिहरु बीच हावडा ब्रिज, फोरशोर रोड अनि सन्तरा-गाछी क्षेत्रमा झडप भएको छ। प्रदर्शनकारिहरुले विभिन्न जगका बैरिकैडहरु तोडेका छन्। पुलिसले उनीहरुलाई छरपस्ट गर्नका लागी लाठीचार्ज, आंसू गैसक तथा पानीको बौछार गरे। पुलिस महानिदेशक राजीव कुमार अनि हावडाका पुलिस अधीक्षक प्रवीण कुमार त्रिपाठी सहित अन्य वरिष्ठ पुलिस अधिकारीहरुले स्थितिको लगातार निगरानी गरिरहेका छन्। प्रदर्शनकारीहरु कोलकाताको आरजी कर अस्पतालमा एक महिला डॉक्टर सँग कथित दुष्कर्म अनि हत्याको मामिलालाई लिएर राज्यकी मुख्यमंत्री ममता बनर्जीको राजिनामा अनि आरोपिहरुलाई चाडो भन्दा चाडो गिरफ्तार गर्ने मांग गरेका थिए। राज्य पुलिसको तर्फ बाट विरोध प्रदर्शनको अनुमति नदिएता पनि **छात्र संगठन-पश्चिम बंग समाज अनि संग्रामी जोथा मंच** ले रैली निकालेका थिए। राज्य सरकारले विरोध-प्रदर्शनलाई ध्यानमा राख्दै राज्य सचिवालय **नबन्ना** को छेउछाउको क्षेत्रमा **बी एन एस एस** को धारा- 163 अन्तर्गत निषेधाज्ञा लागू गरेको छ।कोलकाता पुलिसले कानून व्यवस्था स्थिर राख्नका लागी शहरमा छ हजार भन्दा अधिक पुलिसकर्मिहरु तैनात गरेको छ। 19 स्थानमा बैरिकेड लगाईएको छ। राज्यपाल सी वी आनंद बोस ले राज्य सरकारलाई प्रदर्शनकारिहरु विरुद्ध बल प्रयोग नगर्ने सल्लाह दिनुभएको छ।

****** ० ******

**खरसांग विरोध र्याली**

कोलकोतामा महिला डाक्टरमाथि भएको कथित बलत्कार अनि हत्याको घटनालाई लिएर दार्जिलिङ जिल्ला भाजपा महिला मोर्चाको आयोजनामा खरसाङमा विरोध रैलीको आयोजना गरियो। महिला डाक्टरले न्याय पाउनुपर्छ साथै दोषीलाई कड़ा कार्वाही गरिनुपर्छ भन्ने मागमा भाजपाले खरसाङमा विरोध रैलीको साथमा खरसाङ पुलिस थानामा ज्ञापन पत्र पनि सुम्पिएको छ। खरसाङको टुरिस्ट लजदेखि शुरु भएको विरोध रैली खरसाङ बजारको वर्ध्दमान रोड हुँदै मोटर स्ट्याण्डसम्म पुगेको थियो। 'सम्पूर्ण

राज्यमा महिला हिंसा, ध्वस्त कानुन व्यवस्था, अराजकताको विरुद्ध विरोध प्रदर्शन' लेखिएको ब्यानरको साथमा भाजपाले खरसाङमा विरोध रैली निकालेको थियो।

****** ० ******

**मिरिक भाजपा**

भा रतीय जनता पार्टी मिरिकले मंगलबार मिरिक महकुमा शासक प्रेयङक सिंह मेहतासित भेट गरि विविध विषयमा ज्ञापन पत्र बुझाएको छ। यसक्रममा भाजपा जिल्ला उपाध्यक्ष राजेन मुखिया,राज्य कमिटि सदस्य हरीप्रसाद निरौला, जिल्ला सदस्य लाडुप घिसिङ,एम के जिम्बा,सौरेनी मण्डल अध्यक्ष प्रवीण राई आदि उपस्थित थिए। पत्रकारहरूसित कुराकानी गर्ने क्रममा पार्टीका जिल्ला सदस्य लाडुप घिसिङले महकुमा अधिकारीलाई कोलकता घटनाको आरोपीलाई कठोर कार्यवाही गरिनु पर्ने माग गरिएको जानकारी गराउनु हुदै मिरिक सिमावर्ती क्षेत्रमा रहेको कारण यहाँको सुरक्षाका लागि नयाँ मानिसहरूको कागज पत्र जाँच गरिनु पर्ने बताउनु भयो।यसरी नै मिरिकको सरकारी जमीनहरूको संरक्षणबारे पनि महकुमा शासकसीत कुराकानी भएको उहाले बताउनु भएको छ ।

****** ० ******

**भाजपा बंगल बन्द**

राज्य सचिवालय घेराउ गर्न विद्यार्थीको आह्वानमा सडकमा उत्रिएका प्रदर्शनकारीमाथि पश्चिम बंगाल र कोलकाता पुलिसको क्रूरताको विरुद्धमा भाजपाले बुधबार ठूलो प्रदर्शनको घोषणा गरेको छ। नवान्न अभियानका क्रममा पुलिसले 'डर फैलाएको' आरोप लगाउँदै भारतीय जनता पार्टीले भोलि १२ घण्टा बंगाल बन्दको आह्वान गरेको छ। भाजपा नेता शुभेन्दु अधिकारीले विद्यार्थी समाजको नयाँ अभियानलाई बाहिरी समर्थनको घोषणा गरिसकेकाले अब बङ्गाल भाजपाले 'विद्यार्थी समाज'को समर्थनमा उभिएर खुलेर बन्दको आह्वान गरेको छ।आज नवन अभियानका क्रममा आन्दोलनकारी विद्यार्थीमाथि पुलिसले लाठीचार्ज, अश्रुग्यास र पानीको फोहोरा प्रयोग गरेका थियो। भाजपा प्रदेश अध्यक्ष सुकान्त मजुमदारले आज पत्रकार सम्मेलन गरेर बंगाल बन्दको घोषणा गरेका हुन्। भोलि बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म यो बन्द जारी रहने उहाँकले बताउनुभयो । यससँगै तृणमूल कांग्रेसले पनि यो बन्दको कडा विरोध गरेको छ। तृणमूल नेता र पूर्व राज्यसभा सांसद कुणाल घोषले , "यो बंगालको विरुद्धमा षड्यन्त्र हो। कुनै पनि प्रकारको जालमा नपर्नुहोस्। भोलि बंगालमा बन्द हुने छैन र जनजीवन सामान्य हुनेछ। बीजेपी बन्द असफल होस्।" भनि बताउनुभयो|पत्रकार सम्मेलनमा सुकान्त मजुमदारले भन्नुभयो, 'हामी भोलिदेखि आन्दोलन सुरु गर्छौं। यसका साथै विद्यार्थी समाजलाई सबै प्रकारका कानुनी र चिकित्सा सहायता उपलब्ध गराउनको लागि हामीले हेल्पलाइन नम्बर पुन: सुरु गर्दैछौं। तपाईले यहाँ फोन गरेर कानूनी मद्दत वा सल्लाह प्राप्त गर्न सक्नुहुन्छ। यो आन्दोलनमा सबै सहभागी हुनुपर्छ। यो आन्दोलन भाजपाको होइन, समाजको हो।

****** ० ******

**दार्जीलिङ भाजपा बन्द समर्थन**

भोलि डाकिएको १२ घण्टाको राज्यव्यापी बन्दलाई भाजपा दार्जीलिङ जिल्ला समितिले समर्थन जनाएको छ। भाजपा जिल्ला समिति सचिव सोनाम लामाले भिडियो विज्ञप्ति जारी गर्दै पहाड़वासीसमक्ष समर्थनको अपील गरेका छन्। दार्जीलिङ पहाड़ी क्षेत्रमा १२ घण्टाको लागि हुने उक्त बन्दअवधि आपतकालिन सेवाबाहेक सबै दोकानपाट, व्यापारिक प्रतिष्ठान अनि सवारी साधानहरू बन्द गरिदिने तामाङले आह्वान गरेका छन्।

****** ० ******

**नेपालका प्रधानमंत्री**

नेपालका प्रधानमंत्री केपी ओली शर्माले भन्नु भएको छ – नेपालले दुवै छिमेकीसँग इमानदारी र निष्पक्षताका आधारमा सन्तुलित सम्बन्ध कायम राखेकोछ। उहाँले **Diplomacy and Geopolitics** अर्थात कूटनीति र भूराजनीति नामक एक पुस्तक विमोचन समारोहलाई संबोधित गर्दै सो कुरा भन्नु भयो। काठमांडूमा नेपालका पूर्व उप -प्रधानमंत्री तथा विदेश मंत्री कमल थापाको पुस्तकको विमोचन उहाँले गर्नु भयो।उहाँले अझ भन्नु भयो - नेपालले छिमेकीको कार्ड एक -अर्काविरुद्ध प्रयोग नगर्ने र कसैको नराम्रोको कामना नगर्ने पनि बताउनु भयो। उहाँले, नेपालले आफ्नो भूमि कुनै पनि छिमेकी विरुद्ध प्रयोग हुन नदिने र तटस्थता र शान्तिपूर्ण समाधानलाई समर्थन गर्नेछ भनि बताउनु भयो।

<बाइट- केपी शर्मा ओली नेपालीमा>

प्रधानमन्त्री ओलीले नेपाल राष्ट्रसंघीय सिद्धान्तप्रति प्रतिबद्ध रहेको र विश्व शान्ति अनि नेपालको नागरिकको सुरक्षाका विषयमा संवेदनशील रहेको बताउंनु भयो। आफ्नो हितमा कुनै पनि देशले अर्को देशको गरिमा र गौरवको हनन गर्न नहुने उहाँको भनाइ थियो। उहाँले कुनै पनि मामिलामा तर्कभन्दा पनि बेस, प्रमाण पेश गर्नु पर्छ तथा त्यसै अनुरूप समाधान हुनु पर्छ भनि बताउनु भयो।

****** ० ******

**भाजपा सदस्यता**

भारतीय जनता पार्टीले 2 सेप्टेम्बर देखि एक सदस्यता अभियानको शुरूआत गर्नेछ। नयाँ दिल्लीमा आज मीडियालाई जानकारी दिनुहुदै भाजपाका महासचिव विनोद तावड़ेले बताउनुभयो वर्तमान सबै सदस्यहरुले आफ्नु सदस्यता नवीनीकृत गर्ने आवश्यकता पर्नेछ। उहाँले भन्नु भयो प्रधानमंत्री नरेन्द्र मोदीले दुई सेप्टेम्बरमा पार्टी अध्यक्ष जे पी नड्डा बाट आफ्नु सदस्यता प्राप्त गर्नुहुनेछ। यस पछी देशमा सदस्यता अभियानको शुरूआत हुनेछ। श्री तावड़ेले बताउनुभयो भाजपाको संविधान अनुसार सदस्यता अभियान प्रत्येक पांच देखि छ वर्षमा नयाँ रुपमा सदस्यता अभियान गरिन्छ। उहाँले भन्नुभयो यस सदस्यता अभियानको पहिलो चरण 25 सेप्टेम्बरमा सम्पन्न हुनेछ।

****** ० ******

**अनित थापा**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सभाका मुख्य कार्यपाल अनित थापाले आज मिरिकमा पार्टीको केन्द्रीय कार्यकारिणी सभामा उपस्थित रहेर साँगठनिक गतिविधि साथै मिरिकमा आगमी 9 सेप्टेम्बरमा पालन गरिने पार्टीको चौथो स्थपना दिवसबारे चर्चा गर्नु भयो।यस अवसरमा पार्टीका महासचिव अमर लामा लगायत केन्द्रीय सदस्य एंव सभासदहरू उपस्थित थिए। सभापछि श्री थापाले मिरिकस्थित गोर्खा रंगमंच भवनमा जनसाधारणसंग भेटघाट गर्नु हुदै उनीहरुको अभाव र समस्या बुझ्नु भयो।

****** ० ******

**शेर्पा संघ**

सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने प्रयासमा डेन्जोङ शेर्पा संघले आधिकारिक रुपमा फाग-त्रिङ (वर्ष यामको पर्व) दक्षिण सिक्किमको नाम्ची शेरवी खाङबा परबिङ चारमा भव्यताको साथमा पालन गर्यो I यो पर्व सिक्किम साथै विश्वभरका शेर्पा जनजातीले हर्षोल्लासको साथमा पालन गर्ने गर्दछन्।

****** ० ******

**खरसाङ गोर्खा पार्वत्य खेलकूद सङ्घ**

खरसाङमा खेल अनि खेलाडीहरुले भोग्न परिरहेका विविध समस्याहरूलाई लिएर आज मङ्गलबार खरसाङका विभिन्न खेलकूद सङ्घका प्रतिनिधिहरूले खरसाङ गोर्खा पार्वत्य खेलकूद सङ्घका सचिव निर्मल गुरुङको नेतृत्वमा खरसाङ महकुमा अधिकारी आईएएस बिन्दावासी तेजा दिपक सँग भेट गरेका छन्। उक्त भेटमा प्रतिनिधिहरूले महकुमा अधिकारीलाई खरसाङमा अन्तराष्ट्रिय बडी बिल्डिङका निर्णायक सञ्जय छेत्री, रकबीका पूर्व भारतीय दलका कप्तान सुजय लामा जस्ता दिग्गज खेलाडीहरू रहे तापनि खरसाङमानै खेल सम्बन्धमा त्यस्तो कुनै बुनियादी सुविधाहरू समेत नभएकोले यहाँका खेलाडीहरूले धेरै समस्या भोग्न परिरहेको अवगत गराए। उनीहरूले खरसाङमा विशेष गरी एउटा सार्वजनिक खेल मैदान नभएको अवगत गराए भने यद्यपि यस सन्दर्भमा जीटीएका मुख्य कार्यपाल अनित थापाले भरपूर चेष्टा गरिरहेको औ अब उनको चेष्टा अनि खरसाङवासीको माग चाँडै पूरा हुने आशा व्यक्त गर्दै यसको निम्ति जीटीए मुख्य कार्यपाल अनित थापाप्रति आभार व्यक्त गरे।

****** ० ******